# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ कार्तिक ३० गते

## आपङ्गतामैत्री सोंच, व्यवहार र कानुन आवश्यक : अध्यक्ष

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष अनुपराज शर्माले अपाङ्गता भएका व्यक्तिहरूले सम्मानित जीवनयापन गर्नका लागि आपङ्गतामैत्री सोंच, व्यवहार र कानुन आवश्यक रहेको बताउनुभएको छ ।

अध्यक्ष शर्माले 'राष्ट्रिय अपाङ्ग महासंघ, नेपाल' ले बुझाएको ध्यानाकर्षणपत्र बुझ्दै उक्त कुरा बताउनुभएको हो । उहाँले अपाङ्गता भएका व्यक्तिका कतिपय समस्या आयोगको जानकारीमा नहुनसक्छ भन्दै आफ्ना समस्यबारे आयोगलाई सुसूचित गर्न पनि आग्रह गर्नुभयो ।

अदालतले अपाङगता भएका व्यक्तिहरूका पक्षमा गरेको फैसला कार्यान्वयन हुनुपर्नेमा जोड दिँदै उहाँले भन्नुभयो, 'अदालतको फैसला फ्रेममा सजाउनका लागि होइन ।'

सो अवसरमा बोल्दै आयोगका सदस्य गोविन्द शर्मा पौडेलले आयोग अपाङ्गता भएका व्यक्तिहरूसँग परामर्श गरेर उनीहरूको अधिकारका लागि कार्ययोजना बनाएर अघि बढ्ने सोंचमा रहेको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, ' अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका लागि हामी हातेमालो गरेर अघि बढ्न चाहन्छौं ।'

कार्यक्रममा बोल्दै अपाङगताको क्षेत्रमा कार्यरत अधिकारकर्मीहरूले मनोसामाजिक अपाङ्गता भएका व्यक्ति, 'मस्कुलर डिस्ट्रोफी' 'हेमोफेलिया' तथा 'डाउन सिन्ड्रोम' बाट पीडित बिरामीहरूका लागि सरकारीस्तरबाटै विशेष सुविधाको व्यवस्था हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

उहाँहरूले सरकार र अपाङ्गता भएका व्यक्तिहरूबीच भएको सम्झौता सरकारले पालना नगरेको, अदालतले अपाङगता भएका व्यक्तिहरूका पक्षमा अदालतले गरेको फैसला कार्यान्वयन नभएको, अपाङ्गता भएका व्यक्तिहरूले सार्वजनिक सवारी साधन प्रयोग गर्ने क्रममा थुप्रै कष्ट भोग्नुपरेको, अपाङ्गता भएका व्यक्तिहरूको पहिचानमा समस्या रहेको, अपाङ्गता भएका महिलाहरूमाथि बढी हिंसा हुने गरेकोजस्ता समस्याहरू राख्नुभयो ।

'राष्ट्रिय अपाङ्ग महासंघ, नेपाल' अध्यक्ष सुदर्शन सुवेदीको नेतृत्वमा आएको टोलीले आयोगलाई नौ बुँदे ध्यानाकर्षणपत्र बुझाएको थियो ।

वेदप्रसाद भट्टराई
कामु सचिव